आज मिति २०८३/०४/१३ गते बुधबारको दिन यस शुद्धोदन गाउँपालिका, गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद बस्यालज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक कक्षमा बसी तपसिलको उपस्थितिमा देहायबमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | हस्ताक्षर | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री विष्णु प्रसाद बस्याल | अध्यक्ष |
| २ | | श्री शान्ता देवी ज्ञवाली | उपाध्यक्ष |
| ३ | | श्री उदयराज गडेरिया पाल | वडा अध्यक्ष-१ |
| ४ | | श्री कमल खड्का क्षेत्री | वडा अध्यक्ष-२ |
| ५ | | श्री हेम बहादुर खड्का | वडा अध्यक्ष-३ |
| ६ | | श्री केशव प्रसाद अधिकारी | वडा अध्यक्ष-४ |
| ७ | | श्री चन्द्रभान चौधरी थारु | वडा अध्यक्ष-५ |
| ८ | | श्री उपेन्द्र साहनी | वडा अध्यक्ष-६ |
| ९ | | श्री भिम नारायण चौधरी | का.वा. वडा अध्यक्ष-७ |
| १० | | श्री शान्ति सुनार | कार्यपालिका सदस्य |
| ११ | पबित्रा | श्री पवित्रा थारु | कार्यपालिका सदस्य |
| १२ | गीता | श्री गिता नेपाली | कार्यपालिका सदस्य |
| १३ | | श्री रुक्मिणी थारु | कार्यपालिका सदस्य |
| १४ | | श्री राममिलन लोध | कार्यपालिका सदस्य |
| १५ | | श्री सुरेश बहादुर सार्की | कार्यपालिका सदस्य |
| १६ | | श्री लेख बहादुर बस्नेत | सदस्य-सचिव |
| | आमन्त्रीत | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०४।१३ गतेको बैठकका निर्णयहरुः**

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०४।१३ गतेको बैठकका निर्णयहरुः**

१. यस अघि कार्यपालिकाले गरेका विभिन्न निर्णयहरुको समिक्षा गरी आगामी दिनहरुमा निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै पक्षले आ-आफ्नो स्थानबाट भूमिका खेल्ने निर्णय गरियो ।

२. शुद्धोदन गाउँपालिकाको तसिल अनुसार आय सम्बन्धी ठेक्का स्वीकृतीको लागि मिति २०८३।०४।०४ गते आशयको सूचना प्रकाशित गरिएकोमा कुनै गुनासो प्राप्त हुन नआएकोले उक्त आय सम्बन्धी ठेक्का स्वीकृत गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| सि.नं. | शिर्षक | पार्कको नाम | दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | आय/०५/२०८३-८४ | शुद्धोदन पार्क | विपिन कुर्मी, शुद्धोदन-५, रुपन्देही | ३,२२,०००/- |

३. शुद्धोदन गाउँपालिकाको वडा नं. २ को ख. बनगाई खानेपानी तथा सरसफाई आयोजनाको लागि सिंगापुर (कोलुवा) स्थान र वडा नं. १ को शिशै खानेपानी तथा सरसफाई आयोजनको लागि वडा कार्यालय अगाडी रहेको सार्वजनिक स्थान छनोट गर्ने निर्णय गरियो ।

४. शुद्धोदन गाउँपालिकाको गाउँकार्यपालिकाको मिति २०८३।०१।११ गतेको कार्यपालिकाको निर्णय अनुसार कार्यालयले कर्मचारीहरुलाई उपलब्ध गराएको मोटरसाइकल तथा स्कुटरहरु गाउँपालिकामा तानिएकोमा हाल इन्धनमा सहजता भएको तथा मोटरसाइकल तथा स्कुटरहरुलाई तपसिल अनुसारको प्राथमिकता क्रम अनुसार निजहरुकै जिम्मामा रहने गरी वितरण गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| प्राथमिकता क्रम | कर्मचारी तथा शाखाहरु | स्कुटर संख्या | मोटरसाइकल संख्या |
|---|---|---|---|
| १ | पूर्वाधार विकास शाखा तर्फका प्राविधिक कर्मचारीहरु | १ | ९ |
| २ | भवन तथा वस्ति विकास शाखा | | १ |
| ३ | कृषि विकास शाखा | | १ |
| ४ | पशु सेवा शाखा | | १ |
| ५ | नगर प्रहरी शाखा | १ | |
| ६ | स्वास्थ्य शाखा | | १ |
| ७ | शिक्षा युवा तथा खेलकुद शाखा | १ | |
| ८ | योजना तथा अनुगमन शाखा | | १ |
| ९ | जिन्सी शाखा | | १ |



CamScanner

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८३।०४।१३ गतेको बैठकका निर्णयहरु:**

| प्राथमिकता क्रम | कर्मचारी तथा शाखाहरु | स्कुटर संख्या | मोटरसाइकल संख्या |
|---|---|---|---|
| १० | लेखा शाखा | | १ |
| ११ | राजस्व शाखा | | १ |
| १२ | ७ वटै वडा कार्यालयहरु | १ | ६ |
| १३ | प्रशासन शाखा | | १ |
| १४ | अध्यक्षज्यूको सचिवालय | १ | |
| १५ | संघसंस्था/सहकारी शाखा | | १ |
| | जम्मा | ५ | २५ |

५. शुद्धोदन गाउँपालिकाको वडा नं. ५ मा रहेको शवदाह स्थलको सरसफाई गर्न वडा कार्यालयबाट १ जना काम गर्ने साधारण ज्यामीको व्यवस्था गरी हप्ताको २ दिन ज्यालादारीमा कामदार नियुक्त गरी दैनिक रु. ७४० को दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

६. शुद्धोदन गाउँपालिका वडा नं. २ पेडरहवा स्थित सार्वजनिक स्थलमा वेवारीसे अवास्थामा रहेको २०६५ घ.फि. नदिजन्य पदार्थ जफत गरी वडा नं. २ को पेडरहवा चोक देखि समइ देवी प्रा.वि. सम्म सडक मर्मत गर्न प्रयोग गर्ने र उक्त नदीजन्य पदार्थको राजस्व योजनाको रकम भुक्तानी हुँदाका वखत दाखिला गर्न लगाउने निर्णय गरियो ।